कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बयरवन, मोरङ
प्रदेश नं. १ नेपाल

सूचना नं ०१ २०७७/७८

प्रथम पटक प्रकाशित मिति २०७८/०५/०१
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८/०५/२१

## प्रस्ताव आह्वानको सूचना ।

कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङको आ.व २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखामार्फत यस पालिकाको सवै वडाहरु (१ देखि ७) मा संचालन हुने समानिकरण अनुदानको "५०% अनुदानमा मकै छोड्याउने मेशिन वितरण कार्यक्रम" का लागि ईच्छुक कृषि समुह/सहकारी संस्था/कृषि फर्म/कृषक/जल उपभोक्ता समितिले तोकिएको कागजातसहित सूचना प्रकाशन भएको मितिले २१ औं दिन भित्र आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**कार्यक्रम विवरण**

| क्र.स | कार्यक्रमको नाम | परिमाण | अधिकतम उपलब्ध हुने अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मकै छोड्याउने मेशिन वितरण | ३१ थान | ८०००/- (अक्षरुपी आठ हजार रुपैया मात्र) | |

**प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः-**

- मागआवेदन फाराम
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- मकै खेति गरिने जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपि
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
- आवेदन फाराम वुझाउने स्थान तथा आवश्यक परामर्शको लागि - कानेपोखरी गाउँपालिका कृषि विकास शाखा, वयरवन, मोरङ, सम्पर्क नं ९८४३८६३८८६ तथा ९८४४४७६५१८ वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन

सागर पौडेल
कृषि विकास शाखा
शाखा प्रमुख



Scanned with CamScanner

# कानेपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

बयरबन, मोरङ
प्रदेश नं. १, नेपाल

प.सं. ०७८/७९
च.नं. २०४

मितिः २०७८/०५/०१

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (१ देखि ७) सबै ।

प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिकाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमानुसार समानिकरण अनुदानतर्फको "५०% अनुदानमा मकै छोड्याउने मेशिन वितरण कार्यक्रम" संचालन सम्वन्धि सुचना थान-१ यसै पत्र साथ संलग्न गरि पठाईएको छ । तँहा कार्यालयको सूचना पाटीमा टाँस गरि जानकारी पठाई दिनुहुन अनुरोध छ ।

..................
सागर पौडेल
प्रा.स.
कृषि विकास शाखा प्रमुख

सादर अवगतार्थः-
श्री अध्यक्षज्यू,
श्री उपाध्यक्षज्यू,
श्री आर्थिक विकास समिति संयोजकज्यू,
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री सुचना प्रविधि शाखा- वेभसाईटमा अपलोड गरिदिनुहुन ।

Website: kanepokharimun.gov.np    कृषि विकास शाखाः ९८४३८६३८८६, ९८४४७६५१८    Email: kanepokharirmun@gmail.com

Scanned with CamScanner

# कानेपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
कानेपोखरी, मोरङ
प्रदेश नं. १, नेपाल

प.सं. ०७८/७९
च.नं. २०६

मितिः २०७८/०५/०१

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (१ देखि ७) सबै ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ विराटनगरको आ.व. २०७७/७८ मा स्वीकृत वार्षिक कार्यक्रमानुसार संचालन हुने सूचनामा उल्लेखित अनुदानका कार्यक्रमहरु तथा प्राङ्गारिक/जैविक/भर्मिकम्पोष्ट लगायतका मल उत्पादकहरु सुचिकृत हुने सम्बन्धि सुचना थान -२ यसै पत्र साथ संलग्न गरि पठाईएको छ । तँहा कार्यालयको सूचना पाटीमा टाँस गरि जानकारी पठाई दिनुहुन अनुरोध छ ।

..................
सागर पौडेल
सागर पौडेल
कृषि विकास शाखा प्रमुख
शाखा प्रमुख

सांदर अवगतार्थः-
श्री अध्यक्षज्यू,
श्री उपाध्यक्षज्यू,
श्री आर्थिक विकास समिति संयोजकज्यू,
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री सुचना प्रविधि शाखा- वेभसाईटमा अपलोड गरिदिनुहुन ।



Scanned with CamScanner

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/२७

यस मन्त्रालयको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि-२०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेश नं.१ अन्तरगतका इच्छुक सहकारी संस्था/व्यवसायीक फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ ।साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.०२१ ४७०१४६, खाद्य अनुसंधान अधिकृत श्री संजय खडका, मोवाईल नं. ९८५६०००६७० वा कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी मोवाईल नं. ९८५२०३५०४९ सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np वाट कार्यक्रम कार्यान्वयन निर्देशिका/कार्यविधि डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम विवरण :

| क्र.सं. | कार्यक्रमको नाम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|
| १. | चिया/अलैची ब्राण्डिङ्गका लागि अनुदान | निजी उधमी, कृषक समूह, सहकारी संस्था |
| २. | सहकार्यमा कष्टम हायारिङ्ग सेन्टर स्थापना | निजी उधमी, कृषक समूह, सहकारी संस्था |
| ३. | कृषि वस्तु उत्पादन तथा प्रशोधन पुर्वाधार निर्माणमा सहयोग (स्टार्ट अप) | निजी उधमी, कृषक समूह, सहकारी संस्था |
| ४. | प्राङ्गारिक प्रमाणीकरणका लागि अनुदान | निजी उधमी, कृषक समूह, सहकारी संस्था |
| ५. | वाली तथा मत्स्य, पशुवस्तु ढुवानीका लागि उधमी तथा सहकारीहरुलाई ढुवानी साधन खरिदमा सहयोग | निजी उधमी, कृषक समूह, सहकारी संस्था |

नोट : सि.नं १, ३, ४ र ५ को लागि कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि- २०७६ को अनुसुची -४ को क्र.सं. ८२ र सि.नं. २ को लागि अनुसुची – ४ को क्र.सं. १८ मा उल्लेख भए बमोजिमका कागजातहरु प्रस्ताव साथ संलग्न गरेको हुनु पर्ने छ ।

**बुझाउन सक्ने कार्यालयहरु :**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ बिराटनगर

२. कृषि ज्ञान केन्द्रहरु : पाँचथर, ईलाम, झापा, संखुवासभा, भोजपुर, धनकुटा, सुनसरी, सोलुखुम्बु, खोटाङ्ग, ओखलढुङ्गा र उदयपुर

३. सम्पर्क कार्यालयहरु : ताप्लेजुङ्ग, तेह्रथुम र मोरङ्ग

२०७८।४।२७

सचिव

Scanned with CamScanner

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१ विराटनगर

# सूचीकरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/२७

यस मन्त्रालयको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको प्राङ्गारीक मल उत्पादनमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि यो सुचना प्रकाशित गरीएको छ । उक्त कार्यक्रम मार्फत आफुले उत्पादन गरेको प्राङ्गारीक/ जैविक/ वर्मिकम्पोष्ट लगायतका मलहरु प्रदेश नं. १ भित्रै आफै उत्पादन गरी विक्रि वितरण गर्न चाहने प्रदेश नं. १ भित्र दर्ता भएका उत्पादकहरुले निम्न विवरण सहित यस मन्त्रालयमा ३० दिन भित्र सूचीकृत हुन यो सूचना प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.०२१ ४७०१४६, खाद्य अनुसंधान अधिकृत श्री संजय खडका, मोवाईल नं. ९८५६०००६७० वा कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी मोवाईल नं. ९८५२०३५०४९ मा सम्पर्क राख्नु हुन सुचित गरिन्छ ।

१. प्रदेश नं. १ भित्र प्रदेश वा स्थानिय तहमा दर्ता भएको प्रमाण-पत्र

२. आफुले उत्पादन गरेको र उपलब्ध गराउन सक्ने मलको परिमाण र उपलब्ध हुने स्थान

३. खरिद गर्न चाहने कृषकहरुको लागि न्यूनतम विक्रि मुल्य

<u>सूचीकृत हुने स्थान :</u>

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ बिराटनगर

२. कृषि ज्ञान केन्द्रहरु : पाँचथर, ईलाम, झापा, संखुवासभा, भोजपुर, धनकुटा, सुनसरी, सोलुखुम्बु, खोटाङ्ग, ओखलढुङ्गा र उदयपुर

३. सम्पर्क कार्यालयहरु : ताप्लेजुङ्ग, तेह्रथुम र मोरङ्ग

email: molmac.biratnagar@gmail.com / food.molmacp1@gmail.com

२०७८।४।२७

सचिव

Scanned with CamScanner